नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

## सम्पत्ति तथा जिन्सी मालसामानको लिलाम विक्री सम्बन्धी बोलपत्र आव्हानको सूचना

सूचना नं :०१।०८१।८२

प्रथम पटक प्रकाशित मिति : २०८२।०१।०८

यस ठुला करदाता कार्यालयमा मौज्दामा रहेका लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छ सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति फर्म, संस्था वा कम्पनीले देहायका शर्तहरूको अधीनमा रही वोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. इच्छुक बोलपत्रदाताहरूले ठुला करदाता कार्यालय,ललितपुर, जिन्सी शाखाबाट आवश्यक जानकारी हासिल गर्ने वा बोलपत्र सम्बन्धी कागजात हेर्न तथा खरिद गर्न सक्नेछन् ।

२. इच्छुक बोलपत्रदाताले २०८२।०१।२२ गतेसम्म कार्यालय समयभित्र फिर्ता नहुने गरी रु १,००० । रुपैयाँ रकम एभरेष्ट बैकको काउन्टर ठुला करदाता कार्यालय स्थित कार्यालय कोड न.-३०५०४३४०१, राजस्व शीर्षक नं १४२२९ मा बुझाई सक्कल राजस्व दाखिला भौचरसहित, बोलपत्रदाताको फर्मदर्ता प्रमाणपत्र वा इच्छुक व्यक्ति भएमा नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरू सलग्न राखी बोलपत्र फाराम खरिदको लागि निवेदन पेश गर्नुपर्नेछ।

३. बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन (मिति: २०८२।०१।२३) दिनको १२ वजे भित्र सिलबन्दी गरी यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ ।

४. कार्यालयमा दर्ता भएका बोलपत्रहरू १६ औं दिन (मिति: २०८२।०१।२३) दिनको २ बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन।

५. लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामान हेर्न चाहने बोलपत्रदाताले कार्यालय समयभित्र जिन्सी शाखामा सम्पर्क राखु पर्नेछ।

६. बोलपत्रदाताले वोलपत्र साथ जमानत वापत आफूले कबोल गरेको दररेट अनुसारले हुन आउने कुल रकमको दश प्रतिशत रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा नेपाल बैक लिमिटेड गावहाल शाखामा रहेको धरौटी खाता नं. ०१८०१०००००२००३००००००१ कोड न.-३०५०४३४०१ मा जम्मा गरी सोको सकल वैक भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा नब्बे दिन म्याद भएको बैङ्क जमानत (विड बण्ड) पेश गर्नु पर्नेछ।

७. लिलाम सकार गरेको सम्पत्ती तथा जिन्सी सामानहरु सम्झौता भएको मितिले १५ दिन भित्र उठाई लैजानु पर्नेछ । १५ दिन भित्र उठाई नलगेमा धरौटी बापतको रकम नियमानुसार जफत गरिनेछ ।

८. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगतै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन मानिनेछ।

९. लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा मालसामानको विवरण कार्यालयको वेवसाइट तथा सुचना पाटीमा राखिएको छ ।

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

कार्यालय कोड:305043401

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
ठूला करदाता कार्यालय
हरिहर भवन, ललित
२०६०

## लिलाम / विक्रि गर्नु पर्ने सामानहरुको मुल्याकंन विवरण

| क्र.स. | जिन्सी सङ्केत नं | सम्पत्ति तथा मालसामानको नाम | स्पेसिफिकेशन | लिलाम गर्नु पर्ने परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १ | ६११२३११०११ | रिभल्वभिङ चेयर | | ५६ | |
| २ | ६११२३११००६ | सोफासेट | | २२ | |
| ३ | ६११२३११०१३ | टि टेवल | | १५ | |
| ४ | ६११२३११०१४ | कम्प्युटर टेबल | | ३१ | |
| ५ | ६११२३११००१ | टेबुल | | ४० | |
| ६ | ६११२३११००२ | कुर्सी | | ७१ | |
| ७ | ६११२२२२००२ | ल्यापटप | | ४२ | |
| ८ | ६११२२२२००१ | डेस्कटप कम्प्युटर | | ५० | |
| ९ | ६११२२२२००३ | प्रिन्टर | | ४१ | |
| १० | ६११२२२३००९ | यु पि एस | | ५६ | |
| ११ | ६११२२२२००४ | फोटोकपी मेशिन | | १ | |
| १२ | ६११२२११००१ | टेलिभिजन | | ३ | |
| १३ | ६११२२२२००५ | स्क्यानर | | ६ | |
| १४ | ६११२२२३००३ | पंखा(Fan) | | १९ | |
| १५ | ६११२२२२००६ | प्रोजक्टर | | २ | |
| १६ | ६११२२२३००१ | हिटर | | ११ | |
| १७ | ६११२२२३००४ | जेनेरेटर | | १ | |
| १८ | ६११२३११००९ | स्टिल दराज | | ३ | |
| १९ | ६११२२२१००५ | नेम प्लेट | | ५० | |
| २० | ६११२३११०१६ | कोट हेंगर | | १५ | |
| २१ | ६११२२२३००८ | भ्याकुम क्लिनर | | ६ | |
| २२ | ६११२११०००२ | जिप | | २ | |
| २३ | ६११२१०९००१ | मोटर साइकल | | ४ | |
| न्यूनतम कायम मूल्य | | | रु.४,८६,५७२।( मु.अ.कर समेत) | | |